नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-६५४, दायर मिति-:२०८०-०३-०३

फैसला मिति-२०८०-०४-३२

वादी

चुमन महतो नुनियाको जाहेरीले नेपाल सरकार----१

प्रतिवादी

जिल्ला पर्सा जगरनाथपुर गा.पा.वडा नं.१ बस्ने रघु महतो नुनियाको छोरा बर्ष ४५ को अशोक महतो नुनिया............................................................१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१.प्रतिवादीले अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कुटपिट समेत गरी अभद्र व्यवहार गरेको भन्ने चुमन महतो नुनियाको जाहेरी दरखास्त।

२. अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कुटपिट समेत गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कुटपिट समेत गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शिवनाथ महतो कोईरी समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

ठहर-खण्ड

यसमा कसैसँग झै-झगडा ,हातपात गरेको छैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनि मिति २०८०।२।१३ गते जिल्ला पर्सा जगरनाथपुर गा.पा.वडा नं.१ स्थित प्रतिवादी अशोक महतो नुनियाले जाहेरवालाको भाई विहारी र भतिजोलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज तथा कुटपिट गर्दै अभद्र व्यवहार गरेकोले निज प्रतिवादी अशोक महतो नुनियालाई पक्राउ गरी उपचारमा लागेको खर्च दिलाई भराई पाउ भन्ने घटनास्थल मुचुल्का, तथा चुमन महतो नुनियाको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अशोक महतो नुनियालाई जरिवाना रु ५०००।- गर्ने र मुलुकी अपराध संहिता,२०७४ को दफा १२७ को सम्बन्धमा उपचार गराएको बिल अनुसारको रकम बापत रु १,५९,०८८।- बादीले बुझि सकेको भरपाई पेश गरेको हुँदा यसमा केही गरि रहनु परेन। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अशोक महतो नुनियालाई ठहरेको जरिवानाको हकमा रु ५०००।- असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु।---------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल श्रावण महिना ३२ गते रोज ५ शुभम् ........................